## मिति २०७८।१।११ गते सम्पन्न ४८ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १.

पोखरा महानगरपालिकाको समग्र फोहरमैला व्यवस्थान, सौन्दर्यीकरण अभिवृद्धि तथा आनीवानी परिवर्तन लगायत हाल महानगरपालिकाबाट संचालित फोहर व्यवस्थापन प्रणालीको अध्ययन गरी आगामी दिनको लागि नीतिगत सुझाव दिने विषयमा कार्यपालिकाबाट गठन गरिएको समितिले पेश गरेको प्रतिवेदनमा छलफल गरी निम्न वमोजिम निर्णय गरियो :

क) महानगरपालिकाको समग्र फोहरमैला व्यवस्थापनको लागि आवश्यकता अनुसार प्याकेजहरु निर्माण गरी तत् तत् विषयमा प्रकृया आरम्भ गर्न सार्वजनिक निजी साझेदारी समितिलाई निर्देशन दिने ।

ख) उक्त अध्ययन गरी प्रतिवेदन पेश गर्ने कार्यपालिकाको समितिलाई हार्दिक धन्यवाद् दिने । सानिसा समितिले फोहरमैला व्यवस्थापनको प्याकेजहरु तर्जुमा गर्दा आवश्यकता अनुसार उक्त समितिको सहयोग लिने ।

निर्णय नं. २.

पोखरा महानगरपालिकाको मिति २०७७१२।२७ मा सम्पन्न कार्यपालिका बैठकको निर्णय नं. ९ र निर्णय नं. १० (पोखरा ९, १० र ११ मा पर्ने सेती नदीको रामघाटमा स्थायी ड्याम निर्माण गरी निर्माण सामाग्री संकलन तथा वातावरणीय सुधार गर्ने तथा पोखरा २७ र ३३ मा पर्ने सेती नदीको मोरेखरेमा स्थायी ड्याम निर्माण गरी निर्माण सामाग्री संकलन तथा वातावरणीय सुधार गर्ने) मा नगर कार्यपालिकाले सार्वजनिक निजी साझेदारी समितिलाई प्रदान गरेको जिम्मेवारीलाई निम्न वमोजिम स्पष्ट पार्ने :

"उक्त २ वटै आयोजनाहरुको सम्बन्धमा सार्वजनिक निजी साझेदारी समितिले आवश्यक प्रकृया पुरा गरी संझौताको मस्यौदा तैयार गरी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।"

निर्णय नं. ३.

महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन वमोजिम निम्न आयोजनाहरु पहिचान गरी सानिसा अवधारणा वमोजिम प्रकृया अगाडि वढाउने ।

| सि.नं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | निणय नं. १ वमोजिम फोहोरमैला व्यवस्थापन सम्बन्धी | सानिसा समितिले कार्ययोजना स्वीकृत गरी विभिन्न प्याकेजहरु तर्जुमा गरी कार्यान्वयन गर्ने |
| २ | खुदीखोलामा मत्स्यपालन सहितको पर्यटकीय संरचनाहरु निर्माण सम्बन्धी- वडा नं. ३२ | पूर्व सम्भाव्यता अध्ययन भै सकेको |
| ३ | पोखरा प्रवेश पार्क निर्माण सम्बन्धी- वडा नं. ३२ | पूर्व सम्भाव्यता अध्ययन भै सकेको |

| | | |
|---|---|---|
| ४ | माछापुच्छ्रे पार्क निर्माण र संचालन सम्बन्धी- वडा नं. १७ | |
| ५ | विभुती पार्क संचालन सम्बन्धी- वडा नं. १८ | |

निर्णय नं. ४.

पोखरा महानगरपालिकाले शहरको मध्ये भागमा रहेको फिर्केखोलाको किनारामा फिर्के करिडर निर्माण गर्ने दीर्घकालिन लक्ष्य अनुसार विगत आ.व. देखि नै बजेट बिनियोजन भई कार्य गर्न प्रारम्भ गरिएको भएता पनि सो कार्यको बिस्तृत परियोजना प्रतिबेदन DPR नभएकोले कुन कुन क्षेत्रमा के कस्तो पूर्वाधार निर्माण गर्ने भन्ने विषयमा स्पष्ट खाका निर्धारण गर्न फिर्केखोलाको मापदण्ड निर्धारण गर्ने कार्य सम्पन्न भएपछि DPR बनाउने प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ५.

पोखरा महानगरपालिका भित्र बन्ने घरको नक्शा बनाउन धरौटी लिई परामर्शदाताहरु सुचिकृत गर्ने र त्यस्ता परामर्शदाताहरुले महानगरपालिकाले तोकेको दरमा नक्शा बनाउने उदेश्यले पोखरा महानगरपालिकाबाट नक्शा पास परामर्श कार्यविधि, २०७५ स्वीकृत भएकोमा विभिन्न कारणले सो कार्यविधि अनुसार कामकारवाही हुन नसकेकाले सूचिकृत कन्सल्टेन्सी मार्फत नक्शा बनाई पास गर्न आवश्यक प्रबन्ध मिलाउन वडाहरुलाई अनुरोध गर्ने ।

निर्णय नं. ६.

प्राकृतिक प्रकोप लगायतका विपदको अवस्थामा उद्वार, राहत कार्यमा संलग्न हुने स्वयं सेवकहरुको सेवालाई व्यवस्थित तबरले संचालन गर्न, स्वयं सेवकहरुको अभिलेख, तालिम, सुरक्षा लगायतका विषयलाई व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न तैयार गरिएको प्रस्तावित पोखरा महानगरपालिकाको स्वयं सेवक परिचालन कार्यविधि, २०७७ आवश्यक अध्ययन तथा परिमार्जनको लागि बिधायन समितिमा पठाउने ।

निर्णय नं. ७.

यस कार्यालयको आ.व. २०७५/०७६ र ०७६/०७७ को जिन्सी निरीक्षण प्रतिवेदनमा कार्यालयमा रहेका पुराना भई टुटफुट भएका प्रयोगमा आउन नसक्ने सामान तथा लिलाम गर्न भनि औंल्याईएका लामो समय देखि प्रयोगमा आउन नसकेका अनुसुचिमा उल्लेख भए बमोजिमका ठुला गाडी तथा भारी उपकरणहरु समेतका जिन्सी सामानहरु आवश्यकता वमोजिम प्याकेजहरु तर्जुमा गरी वढावढको प्रकृया अवलम्वन गरी लिलाम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. ८.

पोखरा महानगरपालिकालाई नागरिकहरुबाट तिनुपर्ने कर शुल्क सहज र सरल तरिकाले प्रबिधिको उपयोग गरी कर बुझाउन Online प्रणाली एवं Digital Wallet मार्फत राजश्व भुक्तानी गर्ने व्यवस्था मिलाउन आवश्यक भएकोले इच्छुक सेवा प्रदायकहरु संग संझौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अनुमति प्रदान गर्ने ।

निर्णय नं. ९.

महानगरपालिकाको स्वीकृत दरबन्दी अनुसार नापी अधिकृत छैटौं, खाध तथा गुणस्तर अधिकृत छैटौं, रेन्जर पांचौं तहमा कर्मचारीहरु हाल सम्म पनि पूर्ती हुन नसकेको र ति प्राविधिक विज्ञ कर्मचारीको अभावमा महानगरपालिकाबाट सम्पादन गनुपर्ने काम प्रभावकारी रुपमा हुन नसकेको कारणले, गण्डकी प्रदेश लोक सेवा आयोगबाट स्थायी नियुक्ति भै वा अन्य प्रकृयाबाट पदपूर्ति नभए सम्मको लागि तपशिलमा उल्लिखित पदहरुमा सेवा करारमा कर्मचारी भर्ना गर्न छनौट समिति गठन, पाठ्यक्रम तर्जुमा, परिक्षा संचालन लगायत आवश्यक प्रकृया अवलम्वन गरी पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

**तपशिल**

१) नापी अधिकृत, इन्जिनियरिङ, सर्भे, छैटौं तह, पदसंख्या : १,

२) खाध तथा गुणस्तर अधिकृत, ........... छैटौं तह, पदसंख्या : १

३) रेन्जर, बन सेवा, जनरल फरेष्टी समूह, सहायक पांचौं तह, पदसंख्या : १

निर्णय नं. १०.

नेपाल खानेपानी संस्थानले नगरबासीलाई खानेपानी वितरणको व्यवस्था मिलाउन वडा नं. १३ र २६ को सीमानामा पर्ने विजयपुर खोला कि. नं. १ भित्रको जग्गामा Slump Well बनाउन ३ रोपनी जग्गा उपलव्ध गराउन माग गरेकोमा वडा नं. १३ र २६ को सीमानामा पर्ने विजयपुर खोला नजिक कि. नं. १ को विजयपुर खोलाघर भित्रको २ रोपनी ८ आना जग्गामा सिंचाई नहरलाई बाधा नपर्ने गरी Slump Well बनाउन जमीन प्रयोगको लागि सहमति दिने ।

निर्णय नं. ११.

इलाका प्रशासन कार्यालय, लेखनाथ, मालपोत कार्यालय, लेखनाथ र नापी शाखा, लेखनाथको कार्यालय निर्माण गर्ने प्रयोजनको लागि पोखरा महानगरपालिकाको वडा नं ३० श्री सरस्वती प्रा.वि.को नाममा रहेको (हाल उक्त विधालय श्री त्रिभुवन शान्ति मा.वि.संग मर्ज भएको) कि. नं. १२६ क्षेत्रफल २० रोपनी १० आना २ पैसा ३ दामको जग्गा उल्लेखित कार्यालयहरु बनाउन उपलव्ध गराउन विधालय व्यवस्थापन समितिको निर्णय र वडा नं. ३० को कार्यालयको सिफारिस बमोजिम उल्लेखित कार्यालयको भवन बनाउन, नगर शिक्षा समितिको सिफारिश लिई उक्त कित्ताबाट पुर्व उत्तर तर्फ १६ रोपनी जग्गा हस्तान्तरण गर्न सहमति दिने ।

निर्णय नं. १२.

पोखरा महानगरपालिकाबाट संचालित प्राविधिक शिक्षालयको भवन बनाउन भनी प्रस्ताव गरिएको साविक शिशुवा गा.वि.स.वडा नं. २ (हाल पोखरा महानगरपालिका वडा नं. २९) को कि. नं. ३९०१ क्षे..फ. २-०-०-०, कि. नं. ३९०२ क्षेत्र.फ. ४-११-०-० र कि. नं. ३९०३ क्षे.फ. ७-४-२-२ गरि जम्मा क्षेत्रफल १३-१५-२-२ को जग्गा विपद व्यवस्थापन प्रयोजनको लागि आवश्यक नपर्ने भनी २९ नं. वडा कार्यालयबाट सर्जमिन सहित सिफारिस प्राप्त भएकोले सोही व्यहोरा सम्बन्धित निकायमा लेखि पठाउने ।

निर्णय नं. १३.

महानगरपालिका संग साझेदारीमा महानगरपालिका क्षेत्रको फोहोर मैला संकलन तथा व्यवस्थापनमा सहभागी संस्थाहरु संग भएको सम्झौताको कार्यपालिकाबाट थप भएको म्याद

२०७७ चैत्र महिनामा समाप्त भएको, सो कार्य गर्न बैकल्पिक व्यवस्था भै नसकेको, फोहोर व्यवस्थापन कार्य एक दिन पनि स्थगित गर्न नहुने भएकाले महानगरपालिका क्षेत्रको फोहोर मैला संकलन तथा व्यवस्थापनमा सहभागी संस्थाहरु संग भएको सम्झौताको म्याद २०७८ आषाढ मसान्त सम्म थप गर्ने । स्वीकृत बजेटको फिर्ता खर्च शिर्षकमा यस प्रयोजनको लागि रु. २ (दुई) करोड संचित कोषबाट निकासा गरी खर्च व्यवस्था मिलाउने ।

निर्णय नं. १४.

पोखरा महानगरपालिका र बेलायतको London Brough of Barnet City का बीच दुवै नगरपालिकाको आर्थिक, सामाजिक तथा सास्कृतिक विकासमा आपसी सहयोग तथा साझेदारी गरी जनस्तर सम्म सम्बन्ध विस्तार गर्न भगिनी सम्बन्ध स्थापना गर्ने र सो प्रयोजनको लागि प्रस्तावित समझदारीको खाका समेत समावेश गरी सहमतिको लागि नेपाल सरकारमा अनुरोध गर्ने ।

निर्णय नं. १५.

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पेरीफेरी सडक निर्माण गर्ने गरी नक्शा तथा डिजाईनमा समाबेस भएको र सडक निर्माण गर्न बोलपत्र समेत प्रकाशित भै सकेको स्थानमा विमानस्थललाई थप जग्गा चाहिएको भनी जग्गा प्राप्तिको सूचना प्रकाशन भएको र उक्त जग्गाहरु सडकले छोएको वा नछोएको भनी जग्गाको मूल्यांकन गर्न कठिनाई भै विमानस्थल कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट सोधनी भएको विषयमा नगर कार्यपालिकाको मिति २०७७।१०।११ को निर्णयबाट लेखी पठाएकोमा निर्णय स्पष्ट नभएको, हालसम्म पनि मुआवजाको विवाद समाधान नभएको र यसले राष्ट्रिय गौरबको आयोजना नै सम्पन्न हुन ढिला हुन जाने अवस्था देखिएकाले जग्गाधनीहरुबाट तथा विमानस्थल कार्यालयबाट प्राप्त निबेदन तथा पेश भएका सिफारिस पत्रहरुको थप अध्ययन गरी निम्न बमोजिमको जग्गाहरु Outer Periphery बाटो संग जोडिएको व्यहोरा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाईमा लेखि पठाउने ।

| सि. नं. | जग्गाको कित्ता नं | क्षेत्रफल | |
|---|---|---|---|
| १ | २०५७ | २-९-२-२ | |
| २ | ४३०३ | १-४-२-२ | |
| ३ | ४३०५ | १-०-०-३ | |
| ४ | ४३०९ | ०-०-३-० | |
| ५ | ४३१३ | ०-१२-०-३ | |
| ६ | ४३१५ | ०-११-१-१ | |
| ७ | ४३१७ | ०-११-०-२ | |
| ८ | ४३३७ | ७-१-०-१ | |
| ९ | ४३८६ | ०-२-३-० | |
| १० | ४३८७ | ०-१४-१-० | |

निर्णय नं. १६.

पोखरा महानगरपालिकाको स्वामित्वमा महेन्द्रपुलमा रहेको सर्टरहरु पुरानो भै जीर्ण भएको र भत्काउन आवश्यक भएकाले तहां हाल रहेका पुस्तकालय र पोखरा आर्ट ग्यालरीलाई अन्यत्र सार्न आवश्यक देखिएको हुँदा यी दुबै गण्डकी प्रदेश र पोखराको विशेषता भएकाले निरन्तरता दिन उपयुक्त हुने हुंदा ९ नं. वडामा रहेको संग्रहालय कार्यालयको छेउमा खाली रहेका जमीनमा उपयुक्त पुर्वाधार बनाई स्थानान्तरण गर्न र सो जमीन गण्डकी प्रदेश सरकारको अधिनमा रहेकाले प्रदेश सरकार संग भोगचलनको लागि माग गर्ने । उक्त संरचनाहरु स्थानान्तरण भएपछि उक्त स्थान खाली गराउने ।

निर्णय नं. १७.

कोरोनाको दोस्रो प्रकोप अत्यन्त भयावह तरिकाले बढीरहेको सन्दर्भमा महानगरपालिकाले आफ्ना कार्य क्षेत्रमा यसको संक्रमण रोकथाम गर्न र मानिसको जीवन रक्षा गर्न अपनाउनु पर्ने सबै किसिमका उपायहरु अवलम्बन गर्ने तथा महानगरपालिकाले यस पूर्व महामारी रोकथाममा गरिरहेको सहयोगलाई निरन्तरता दिदै, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुलाई प्रभावकारी रुपमा माहामारी रोकथाममा लाग्न निर्देशन दिने । यस प्रयोजनको लागि रु. २ (दुई) करोड संचित कोषबाट निकासा गरी खर्च व्यवस्था मिलाउने ।

निर्णय नं. १८.

यस महानगरपालिकाको न्यायीक समितिमा हाल कार्यरत अधिकृत राममणी अधिकारी अनिवार्य अवकाश भै दरवन्दी खाली हुन गै रहेको र न्यायीक समितिलाई थप केही अवधि सम्मको लागि निजको सेवा आवश्यक पर्ने भएकोले प्रचलित कानुनको अधिनमा रही निजलाई न्यायीक समितिको विज्ञ सल्लाहकार पदमा सेवा करारमा लिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं १९.

पोखरा महानगरपालिका भित्रका मुख्य सडक क्षेत्रमा रहेका पोखरा-१२ को अमरसिंह मा.वि., वडा नं.-५ को धर्मस्थली आ.वि. र वडा नं. १ को राष्ट्रिय मा.वि. लगायतका अन्य सामुदायीक विधालयहरुले आफ्नो भोगचलनमा रहेको जग्गामा सर्टर टहरा बनाई भाडामा लगाउंदा सडक मापदण्ड तथा शहरको सौन्दर्यमा आंच नआउने गरी गर्नुपर्नेमा विगतमा बनाईएका सर्टर कवल टहराले सडक लाईन नमिलेको नगरको सौन्दर्य विगारेको हुंदा त्यस्ता संरचनाहरुलाई हटाई सडक र नगरको सौन्दर्य नविग्रने गरि नयां संरचना निर्माण गर्नका साथै विधालय क्षेत्र भित्र व्यापार व्यवसाय गर्दा पालना गर्नुपर्ने शर्तहरुको पूर्ण पालना गर्ने गरी भाडामा लगाउने व्यवस्था मिलाउन आवश्यक पहल गर्न शिक्षा महाशाखालाई निर्देशन दिने ।

निर्णय नं.२०.

पोखरामा शहरी विकास तथा भवन डिभिजन कार्यालयबाट पोखरा- ९ मा निर्माण हुने पोखराको गौरबको योजना विधुतीय शवदाह गृह निर्माण कार्य विगत लामो समय देखि विवादित भई निर्माण प्रारम्भ हुन नसकेको, निर्माण पश्चात पोखरा महानगरपालिकाको व्यवस्थापनमा संचालन हुने समेतको शर्तमा निर्माण कार्य अगाडि बढाउन डिभिजन कार्यालयलाई आग्रह गर्ने तथा महानगरको

व्यवस्थापनमा संचालन गर्ने शर्तमा स्थानीय स्तरमा जारी विवाद समाधान गर्न वडा नं. १० को कार्यालयलाई आग्रह गर्ने ।

निर्णय न.२१.

यस पोखरामहानगरपालिकाको वडा नं. ७ मा कुनै किसिमको सरकारी स्वास्थ्य संस्था नभएको, नेपाल सरकारको नीति अनुसार महानगरपालिकाको प्रत्येक वडामा एउटा स्वास्थ्य संस्था स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउने नीति भएकोले सो वडाको खोप क्लिनिक संचालन गर्ने भवनमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने र यसको लागि आवश्यक पर्ने निम्न दरबन्दी स्वीकृत गर्ने ।

१. हेल्थ असिस्टेन्ट ........१
२. अ.हे.व...................१
३. अ.न. मि.................१
४. कार्यालय सहंयोगी .....१

२०७८।११।११

आज मिति २०७८।२।३ गते मंगलबार यस पोखरा महानगरपालिकाको कार्यपालिकाको निर्णयानुसार कार्यपालिकाको समेत अधिकार प्राप्त समितिको बैठक समितिका अध्यक्ष नगर प्रमुख श्री मानबहादुर जि.सि. ज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको विषयमा छलफल गरि निर्णय गरियो ।

<u>उपस्थिति</u>

नगरप्रमुख श्री मानबहादुर जि.सि..................................अध्यक्ष

उपप्रमुख श्री मञ्जुदेबी गुरुङ्ग.....................................सदस्य

वडा अध्यक्ष वडा नं.१९ श्री शोभामोहन पौडेल.................सदस्य

वडा अध्यक्ष वडा नं. ९ श्री रामराज लामिछाने................सदस्य

वडा अध्यक्ष वडा नं. ५ श्री धनबहादुर नेपाली................सदस्य

वडा अध्यक्ष वडा नं. १३ श्री लेखबहादुर तामाङ्ग................सदस्य

वडा अध्यक्ष वडा नं. ४ श्री शंकर बास्तोला....................सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री महेश बराल.................सचिव

मिति : २०७८/१/११ गते (शनिबार), स्थान : पोखरा महानगरपालिकाको सभाकक्ष,

बैठक सख्या : ४८ समय : दिउसो ८ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री मान बहादुर जि.सी.ज्यूको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको बैठक महानगरपालिकाको सभाकक्षमा तपसिल बमोजिको उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो ।

**उपस्थिती** :

| | | |
|---|---|---|
| अध्यक्ष | श्री मानबहादुर जि.सी. | प्रमुख |
| सदस्य | श्री मञ्जुदेवी गुरुङ्ग | उप-प्रमुख |
| सचिव | श्री महेश बराल | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री शारदा पराजुली | वडा अध्यक्ष वडा नं. १ |
| सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष वडा नं. २ |
| सदस्य | श्री रबिन्द्र बहादुर प्रजु | वडा अध्यक्ष वडा नं. ३ |
| सदस्य | श्री शंकर प्रसाद वँस्तोला | वडा अध्यक्ष वडा नं. ४ |
| सदस्य | श्री धनबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य | श्री जगतबहादुर पाहारी | वडा अध्यक्ष वडा नं. ६ |
| सदस्य | श्री रामचन्द्र वराल | वडा अध्यक्ष वडा नं. ७ |
| सदस्य | श्री रुद्रनाथ वराल | वडा अध्यक्ष वडा नं. ८ |
| सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष वडा नं. ९ |
| सदस्य | श्री राजकुमार गरुङ्ग | वडा अध्यक्ष वडा नं. १० |
| सदस्य | श्री मोहन प्रसाद वाँस्तोला | वडा अध्यक्ष वडा नं. ११ |
| सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १२ |
| सदस्य | श्री लेखबहादुर तामाङ्ग | वडा अध्यक्ष वडा नं. १३ |
| सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १४ |
| सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष वडा नं. १५ |
| सदस्य | श्री जिबन प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. १६ |
| सदस्य | श्री तिर्थराज अधिककारी | वडा अध्यक्ष वडा नं. १७ |

| | | | |
|---|---|---|---|
| सदस्य | श्री रणबहादुर थापा | वडा अध्यक्ष | वडा नं. १८ |
| सदस्य | श्री शोभामोहन पौडेल | वडा अध्यक्ष | वडा नं. १९ |
| सदस्य | श्री सिमबहादुर गुरुङ्ग | वडा अध्यक्ष | वडा नं. २० |
| सदस्य | श्री खगराज आचार्य | वडा अध्यक्ष | वडा नं. २१ |
| सदस्य | श्री मित्रलाल वराल | वडा अध्यक्ष | वडा नं. २२ |
| सदस्य | श्री विष्णु प्रसाद पराजुली | वडा अध्यक्ष | वडा नं. २३ |
| सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष | वडा नं. २४ |
| सदस्य | श्री शोभाकर तिमिल्सीना | वडा अध्यक्ष | वडा नं. २५ |
| सदस्य | श्री नारायण प्रसाद वराल | वडा अध्यक्ष | वडा नं. २६ |
| सदस्य | श्री पूर्णकुमार गुरुङ्ग | वडा अध्यक्ष | वडा नं. २७ |
| सदस्य | श्री निर्मल दियाली | वडा अध्यक्ष | वडा नं. २८ |
| सदस्य | श्री चेतबहादुर गुरुङ्ग | वडा अध्यक्ष | वडा नं. २९ |
| सदस्य | श्री श्रीराम पोखरेल | वडा अध्यक्ष | वडा नं. ३० |
| सदस्य | श्री कमल बहादुर थापा | वडा अध्यक्ष | वडा नं. ३१ |
| सदस्य | श्री अक्कल बहादुर कार्की | वडा अध्यक्ष | वडा नं. ३२ |
| सदस्य | श्री शिबप्रसाद आचार्य | वडा अध्यक्ष | वडा नं. ३३ |
| सदस्य | श्री पुष्पा घले पहारी | पो.म.न.पा. | वडा नं. ६ |
| सदस्य | श्री बुधराज भुजेल (भिमसेन) | पो.म.न.पा. | वडा नं. ६ |
| सदस्य | श्री ओम प्रसाद गौचन | पो.म.न.पा. | वडा नं. ७ |
| सदस्य | श्री यशोदा के.सी.भट्टराई | पो.म.न.पा. | वडा नं. १४ |
| सदस्य | श्री राधिका शाही योगि | पो.म.न.पा. | वडा नं. १७ |
| सदस्य | श्री मनबुजा बि.क. | पो.म.न.पा. | वडा नं. २० |
| सदस्य | श्री सन्तुदेबी सुवेदी | पो.म.न.पा. | वडा नं. २४ |
| सदस्य | श्री चतुरे बि.क. | पो.म.न.पा. | वडा नं. ३१ |